# सञ्चारिका लेखमाला
# Sancharika Feature Service

वर्ष १०　　अंक ३　　मासिक　　चैत्र/वैशाख　　March 2007


- *लोडसेडिङले गृहिणीदेखि उद्यमीसम्म हैरान* — राधा खनाल
  **निजी क्षेत्रबाट बिजुली उत्पादन ठप्प**
- *परिवारजनको अनन्त पर्खाइमा* — निका मोक्तान
  **बेपत्ता आफन्तको पर्खाइबाट मानसिक पीडा**
- ज्यामीबाट मिस्त्री बने महिला — सुमित्रा 'अञ्जान' राई
  **निरक्षरको कमाइ अधिकृतसरह**
- *विस्थापितको घाउ अझै आलै* — जमुना शर्मा
  **पिरलो नै खानपान र सुरक्षाको**
- *बाबुआमा नै सडकमा माग्न पठाउँछन्* — शारदा गैरे
  **घटेको छैन सडकबालबालिकाको व्यथा**
- *अलैंची खेतीमा रमाउँदैछन् किसान* — सीता निरौला
  किन जानुपर्‍यो अर्काको देश ?
- *तरकारी बारीमै छ हडकङ; कोरिया* — तिलकुमारी शर्मा
  **भूमिहीन किसान बने व्यापारी**




सञ्चारिका समूह/नेपाल

# लोडसेडिङले गृहिणीदेखि उद्यमीसम्म हैरान

*लोडसेडिङले स्कुल पढ्ने विद्यार्थी, घरमै बसेर सानोतिनो काम गर्ने गृहणी, ठूलाठूला उद्योग, कलकारखाना सञ्चालक सबै हैरान भएका छन् । देश विकासको मेरुदण्ड मानिने उद्योगक्षेत्र यतिखेर लोडसेडिङकै कारण शिथिल छ । निजी क्षेत्रको प्रवेशमा सरकारका नीति मात्र होइन प्राधिकरणले अख्तियार गरेका अघोषित नीतिबाट पनि निजी क्षेत्र पीडित छ । जलविद्युत्मा ठूलो लगानी पर्ने भएकाले त्यसको प्रतिफल पहिले नै निश्चित हुनुपर्ने माग यस क्षेत्रका लगानीकर्ताको रहेको छ ।*

✍ **राधा खनाल**

**काठमाडौं**/ कोटेश्वर चोकमा एक वर्षदेखि साइबर क्याफे चलाएर बसेकी सीता घिमिरे दिनको छ घन्टाका दरले बिजुली जाँदा हैरान छिन् । बिहान आठ बजे हतारिँदै साइबर खोल्न आइपुग्ने २७ वर्षीया घिमिरेको क्याफेमा त्यतिखेर बिजुली जान्छ, जतिखेर इमेल, इन्टरनेट र च्याट गर्ने ग्राहकको भीड लाग्छ । 'कहिले बिहान, कहिले दिउँसो र कहिले बेलुकी बत्ती जान्छ' घिमिरे भन्छिन्, 'मेरो त व्यापार नै चौपट भइसक्यो ।'

व्यवस्थापन विषयमा स्नातक तह उत्तीर्ण घिमिरेले आफू आत्मनिर्भर बन्न साइबर खोलेकी हुन् । पाँचवटा कम्प्युटर, इमेल, इन्टरनेट, टेलिफोन सेवासहितको साइबर क्याफे सञ्चालन गर्नका लागि उनले करिब ५ लाख रुपैयाँ लगानी गरेकी थिइन् । 'भर्खरै व्यवसाय चल्न थालेको थियो, बिजुलीको अनियमितताले ग्राहक सङ्ख्यामा ४० प्रतिशतले कमी आएको छ,' उनले भनिन् ।

कोटेश्वरमै फोटो स्टुडियो खोलेका प्रदीप लामा पनि लोडसेडिङले उत्तिकै हैरान छन् । फोटो खिच्ने र धुलाउने प्रतिस्पर्धा बढेका बेला समयमै सेवा दिन नसकेर ग्राहकहरू टाढा हुँदै गएको लामा दुःखेसो पोख्छन् । 'अर्जेन्ट फोटो एक घन्टामा, आजको भोलि दिने जमानामा बत्ती नभएर ग्राहकहरू लोडसेडिङ नभएको ठाउँमा जान थालेका छन्,' लामाले गुनासो गरे, 'व्यापार मात्र होइन, बत्ती गएपछि त समय काट्नै गाह्रो भो ।'

घिमिरे र लामा मात्र होइन लोडसेडिङले स्कुल पढ्ने विद्यार्थी, घरमै बसेर सानोतिनो काम गर्ने गृहणी, ठूला-ठूला उद्योग, कलकारखानाका सञ्चालक सबै हैरान भएका छन् । शहरी क्षेत्रमा मात्र होइन, ग्रामीण भेगमा पनि बिजुलीको असर उस्तै परेको छ । रेडियो,

*कोटेश्वरमै फोटो स्टुडियो खोलेका प्रदीप लामा पनि लोडसेडिङले उत्तिकै हैरान छन् । फोटो खिच्ने र धुलाउने प्रतिस्पर्धा बढेका बेला समयमै सेवा दिन नसकेर ग्राहकहरू टाढा हुँदै गएको लामा दुःखेसो पोख्छन् । 'अर्जेन्ट फोटो एक घन्टामा, आजको भोलि दिने जमानामा बत्ती नभएर ग्राहकहरू लोडसेडिङ नभएको ठाउँमा जान थालेका छन्,' लामाले गुनासो गरे, 'व्यापार मात्र होइन, बत्ती गएपछि त समय काट्नै गाह्रो भो ।'*

टेलिभिजन, एफएमहरूमा बिहान-बेलुकी प्रसारण हुने समाचारबाट वञ्चित हुनुपर्ने बाध्यता छ ।

बिजुलीको माग र आपूर्तिबीचको असन्तुलनले गर्दा लोडसेडिङ उत्पन्न भएको हो । विद्युत्को उत्पादन, प्रसारण र वितरण गर्ने जिम्मा लिएको नेपाल विद्युत् प्राधिकरणका अनुसार यतिखेर करिब ९० मेगावाट बिजुली अपुग छ । यसो हुनुमा नदीहरूमा पानीको बहाव कम हुनु हो । प्राधिकरणका निर्देशक शेरसिंह भाटका अनुसार दसवटा मुख्य जलविद्युत् गृहका उत्पादन फागुन-चैतमा आधाभन्दा बढीले घटेका छन् ।

त्यसबाहेक वर्षाद्का बेलामा परेको पानी जम्मा पारेर हिउँदमा बिजुली उत्पादन गर्ने कुलेखानी पहिलो र दोस्रोको पानी पनि घट्दो छ। 'जलाशयको पानी दिनहुँ २५ सेन्टिमिटरभन्दा बढीले घट्दो छ,' भाट भन्छन्, 'यही तवरले कुलेखानी चलाउँदै जाँदा जेनतेन जेठसम्म पुग्ला कि ।' उनी अनुमानित आशा गर्छन् ।

कुलेखानीको पानी रित्तिँदै जाँदा त्यसको असर अरू विद्युत् गृहमा पनि पर्छ। कुलेखानीले ९२ मेगावाट उत्पादन गर्न सक्छ, जुन प्राधिकरणको सुख्खायाममा ठूलो अंश हो।

प्राधिकरणको वार्षिक प्रतिवेदनअनुसार देशभरि कुल विद्युत् माग वर्षेनी दस प्रतिशतका दरले बढिरहेको छ। अर्थात् वर्षको ६० मेगावाट माग छ। त्यो वर्षेनी बढ्दै गएको माग र आपूर्तिबीच सन्तुलन राख्न कम्तीमा पनि वर्षको ६० मेगावाटबराबरको नयाँ जलविद्युत् आयोजना बनाउनुपर्छ। तर पाँच वर्षदेखि एक मेगावाट पनि नयाँ आयोजना बनेको छैन।

एउटा जलविद्युत् आयोजना बनाउन कम्तीमा तीन वर्ष लाग्छ। प्राधिकरणले देशको माग धान्ने आयोजना अहिले बनाउन सकेको छैन र लोडसेडिङ अझ केही वर्ष लम्बिन सक्ने प्राधिकरणका कार्यकारी निर्देशक अर्जुनकुमार कार्की बताउँछन्। 'हामीले आगामी चार वर्षभित्र ३ सय १४ मेगावाटबराबरका नयाँ मझौला आयोजना बनाउन लागेका छौं, त्यसबाहेक दुई वर्षभित्र भारतबाट बिजुली भित्र्याउन प्रसारण लाइन जोडतोडले बनाउन लागिपरेका छौं,' कार्कीले भने, 'दुई वर्षसम्म त बिजुलीको अवस्था निराशाजनक छ।'

बिजुली बनाउने योजना भने सरकारले नबनाएको होइन। चालू दशौं योजनामा ३ सय १४ मेगावाट जलविद्युत् आयोजना निर्माण गर्ने लक्ष्य थियो। यसमा सार्वजनिक क्षेत्र तथा निजी क्षेत्रबाट २ सय १४ मेगावाट बनाउने भन्ने थियो। योजनाको पाँच वर्ष पूरा हुन लागिसक्दा पनि जम्मा ४० मेगावाट उत्पादन भएको तथ्याङ्कले देखाउँछ। यसमा सरकारी क्षेत्रबाट एक मेगावाट पनि बनेन।

सरकारी लक्ष्य हासिल हुन नसक्नुमा माओवादी द्वन्द्व र राजनीतिक अस्थिरता पनि बढी दोषी छ। असुरक्षाले गर्दा ७० मेगावाटको मध्यमर्स्याङ्दी समयमै पूरा हुन सकेन। मध्यमर्स्याङ्दी डेढ वर्षअघि नै पूरा हुनुपर्ने थियो। अर्को ३० मेगावाटको चमेलियाका लागि चाहिने करिब ५ अर्ब रुपैयाँ प्राधिकरणले जुटाउन सकेन। वार्षिक दुई अर्बको घाटा भएकाले प्राधिकरणले लगानी गर्न नसकेको प्राधिकरण सम्बद्ध पदाधिकारीहरू बताउँछन्।

*देशभरि कुल विद्युत् माग वर्षेनी दस प्रतिशतका दरले बढिरहेको छ। अर्थात् वर्षको ६० मेगावाट माग छ। त्यो वर्षेनी बढ्दै गएको माग र आपूर्तिबीच सन्तुलन राख्न कम्तीमा पनि वर्षको ६० मेगावाटबराबरको नयाँ जलविद्युत् आयोजना बनाउनुपर्छ। तर पाँच वर्षदेखि एक मेगावाट पनि नयाँ आयोजना बनेको छैन। एउटा जलविद्युत् आयोजना बनाउन कम्तीमा तीन वर्ष लाग्छ। प्राधिकरणले देशको माग धान्ने आयोजना अहिले बनाउन सकेको छैन।*

निजी क्षेत्र आउन नसक्नुको मुख्य कारणमा सरकारको अस्थिर नीति भएको जलस्रोत मन्त्रालयका सहसचिव अनुपकुमार उपाध्याय बताउँछन्। जलविद्युत्लाई प्रोत्साहित गर्ने खालको नीति नभएकाले निजी क्षेत्र उल्लेख्य रूपमा आउन सकेनन्। निजी क्षेत्रको लगानी आकर्षित गर्न जलविद्युत् विकास नीतिले दिएका सुविधाहरू आर्थिक ऐनले खारेज गर्‍यो। जस्तो कि जलविद्युत्मा १५ वर्षसम्म संस्थागत आयकर नलाग्ने, एक हजार किलोवाटसम्म कुनै पनि कर लाग्ने थिएन। एक प्रतिशत भन्सार तथा भ्याट सुविधा दिने प्रोत्साहनलाई आर्थिक ऐनले कटायो। नीतिको उद्देश्य सस्तो बिजुली उत्पादन होला भन्ने थियो। 'जलविद्युत् र फलामे उद्योग एकै हो भन्ने नीति आयो,' उपाध्याय भन्छन्, 'यसले वास्तविक लगानीकर्ता आउन मानेनन्।'

पहिलेकै नीतिले राम्ररी काम गर्न नपाउँदै अर्को नीति ल्याएर गलत सन्देश प्रवाहित भएको धारणा अर्का जलस्रोतविज्ञ तथा विद्युत् विकास विभागका पूर्वमहानिर्देशक अर्जुनप्रसाद श्रेष्ठको छ। 'सुविधा दिन्छु भनेर नीतिमा पहिले नै उल्लेख नगरेको भए गलत सन्देश नजाने' तर्क उनको छ। जलविद्युत्लाई सहजीकरण गराउन लागू भएको एकद्वार नीतिले काम नगरेको उनको अनुभव छ।

जलविद्युत् निर्माणका क्रममा हुने निर्णय प्रक्रिया ज्यादै ढिलो र सुस्त भएको उद्यमीहरूको गुनासो

छ। यसले अनावश्यक लागत बढाउनेदेखि हैरानी भएर थप उद्यमी आउन नसकेको इन्द्रावती-३ जलविद्युत् परियोजना बनाइसकेका युवा उद्यमी कृष्णप्रसाद भण्डारी बताउँछन्। 'नयाँ आयोजना नबनेसम्म लोडसेडिङ हट्दैन, नयाँ बनाउन सबै नीतिगत तहमा पुनर्संरचना आवश्यक छ,' भण्डारी भन्छन् 'जुनसुकै क्षेत्रबाट लगानी आए पनि प्रतिस्पर्धी र उपभोक्ताको हितमा हुनुपर्छ।'

भन्सार र कर मात्र होइन वन मन्त्रालयको ४५ प्रतिशत वन क्षेत्र कायम गर्ने नीतिले पनि निजी क्षेत्र हैरान भएका छन्। अधिकांश प्रसारण लाइन र विद्युत्गृह वन क्षेत्रमा पर्छन्। वन क्षेत्रको प्राप्तिका लागि लाग्ने झन्झट र दुःखले निजी क्षेत्र निरुत्साहित भएको ३ मेगावाटको पिलुवाखोला बनाइसकेका हरिबैरागी दाहाल भन्छन्।

राष्ट्रिय योजना आयोगका सदस्य एवम् इन्जिनियर रमाकान्त गौरोको विचार भिन्न छ। उनले मिल्नेजति सबै आयोजना निर्माण गरी पहिले स्वदेशी विद्युतीकरण तीव्र पार्ने र बाँकी बचेको भारतलाई बेच्ने नीति आवश्यक भएको बताए। 'हामी जसरी हुन्छ लोडसेडिङ हटाउनेतर्फ क्रियाशील छौं,' गौरोले भने।

निजी क्षेत्रको प्रवेशमा सरकारका नीति मात्र होइन प्राधिकरणले अख्तियार गरेका अघोषित नीतिबाट पनि निजी क्षेत्र प्रताडित छन्। जलविद्युत्मा ठूलो लगानी पर्ने भएकाले त्यसको प्रतिफल पहिले नै निश्चित हुनुपर्छ। यसका लागि निजी क्षेत्रले बनाएका विद्युत् खरिद गर्ने (पीपीए) को चलन छ। प्राधिकरणसँग यस्तो सम्झौता (पीपीए) भएपछि मात्र निजी क्षेत्रले जलविद्युत् आयोजनाको भौतिक निर्माण सुरु गर्न सक्छ। हाल प्राधिकरणले तीन वर्षयता पीपीए गरेको छैन। यसले गर्दा निजी क्षेत्रबाट पनि बिजुली बन्ने काम ठप्प छ।

आन्तरिक खपतका लागि निजी क्षेत्र आउन सक्ने वातावरण आवश्यक छ। निजी क्षेत्रको विद्युत् किनिदिने, कुन ठाउँमा पीपीए गर्न सकिने हो त्यसको पूर्वजानकारी दिने र मूल्य निर्धारण पहिले नै गर्ने हो भने निजी क्षेत्र सजिलै आउने धारणा जलविद्युत्मा लगानी गर्न खोलिएको क्लिन इनर्जी डेभलपमेन्ट बैंकका अध्यक्ष धनञ्जयप्रसाद आचार्यको छ।

*सरकारी लक्ष्य हासिल हुन नसक्नुमा माओवादी द्वन्द्व र राजनीतिक अस्थिरता पनि बढी दोषी छ। असुरक्षाले गर्दा ७० मेगावाटको मध्यमर्स्याङ्दी समयमै पूरा हुन सकेन। मध्यमर्स्याङ्दी डेढ वर्षअघि नै पूरा हुनुपर्ने थियो। अर्को ३० मेगावाटको चमेलियाका लागि चाहिने करिब ८ अर्ब रुपैयाँ प्राधिकरणले जुटाउन सकेन। वार्षिक दुई अर्बको घाटा भएकाले प्राधिकरणले लगानी गर्न नसकेको प्राधिकरण सम्बद्ध पदाधिकारीहरू बताउँछन्।*

विद्युत् विकास विभागले निजी र सार्वजनिक गरी एक सय ७४ वटा लाइसेन्स जारी गरेको छ। लाइसेन्स लिएका विद्युत्गृहको क्षमता झन्डै तीन हजार मेगावाटबराबर छ। एक मेगावाटभन्दा मुनिका आयोजना मात्र ६४ वटा छन्। यीमध्ये कतिपयका आफ्नै समस्या होलान् तर अधिकांश पीपीए नभएका कारण अगाडि बढ्न सकेका छैनन्।

विद्युत् विकास विभागका महानिर्देशक जयकेशर मायके विभागले लाइसेन्स दिँदैमा आयोजना निर्माण हुन नसक्ने बताउँछन्। उनले प्राधिकरणले जबसम्म लाइसेन्स लिएकाहरूको पीपीए गर्दैन तबसम्म आयोजना नबन्ने तर्क राखे। मायकेको विचारमा पनि सरकारले नीतिगत सुधार गरे जलविद्युत्मा निजी र सार्वजनिक दुवै क्षेत्रको लगानी बढेर लोडसेडिङ अन्त्य हुन्छ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# परिवारजनको अनन्त पर्खाइमा

*आफन्त बेपत्ता भएपछि मरे-बाँचेको कुनै सूचना नपाउँदा घरमा पर्खेर बस्नेहरू मानसिक रूपले पीडित बन्न पुगेका छन् । दश वर्षमा माओवादी हिंसाले निम्त्याएको घटनाले अझै पनि परिवार र समाजमा मानसिक पीडा छ । इटहरीकी जमुना भण्डारी, महेन्द्रनगरकी धनमाया लिम्बूजस्ता महिलाको मानसिक पीडालाई बुझ्न न माओवादी तयार छ न त सरकार । धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका मनोचिकित्सक डा. प्रमोदमोहन स्याङ्वो भन्छन्, 'हराएका परिवारको जीवनभर सम्झना आइरहने हुनाले मानसिक यातना रहिरहन्छ ।'*

✍ **निका मोक्तान**

**सुनसरी**/ इटहरी नगरपालिका-२ श्रमिक टोलकी जमुना भण्डारी तीन वर्षअघि बेपत्ता श्रीमान्को पर्खाइमा छिन् । बेपत्ता श्रीमान्को पर्खाइ उनका लागि पीडादायी बन्न थालेको छ । उनको यस्तो पीडालाई जो-कोहीले सहजै अनुमानसमेत गर्न सक्दैन । उनका श्रीमान् पुष्प भण्डारी बेपत्ता भएको तीन वर्ष भइसक्यो । उनी जिउँदै छन् या यस दुनियाँमै छैनन्, कसैलाई थाहा छैन । उनको अभावमा जमुना र उनका परिवारलाई कष्ट थपिएको थपियै छ । माओवादी निकट नेपाल ट्रेड युनियनका केन्द्रीय सदस्यसमेत रहेका भण्डारी ०६० सालदेखि बेपत्ता छन् ।

माओवादी र राज्य पक्षबाट हिंसात्मक द्वन्द्वको दशवर्षे कालमा बेपत्ता बनाइएकामध्ये धेरैको बारेमा जानकारी आइसकेको छ । हिंसात्मक द्वन्द्वमा मारिएका, बेपत्ता पारिएकाहरूको खोजी गर्ने मानवाधिकारवादी संस्थाले पनि धेरैको अवस्था सार्वजनिक गरिसकेको छ । तर भण्डारीको बारेमा न सरकारलाई थाहा छ न त माओवादीलाई नै । भण्डारीकी विधवा श्रीमतीले प्रत्येकपटक पूर्वाञ्चलमा आयोजना हुने माओवादी कार्यक्रममा श्रीमान्को खोजी गर्ने गरेकी भए पनि सधैं रित्तो मन र निराश आँखा लिएर घर फर्कने गरेकी छिन् । उनीहरूले पुष्पको खोजी गरिदिन माओवादी र सरकारलाई पटक-पटक अनुरोध गरे पनि कसैले वास्ता नगरेको बताए ।

पार्टीभित्र रवि, शशीजस्ता नामले चिनिने भण्डारी एकाएक बेपत्ता भएपछि ८० वर्षीया वृद्धा आमा मनकुमारी भण्डारी पनि माओवादीका आमसभाहरूमा छोरो देखिन्छ कि भनेर खोज्दै हिँड्ने गरेकी छिन् । बहिनी शारदा पनि दाजुको फोटो बोकेर उनलाई खोज्दै माओवादीका हरेक कार्यक्रमहरूमा पुग्ने गरेकी छिन् ।

*माओवादी र राज्य पक्षबाट हिंसात्मक द्वन्द्वको दशवर्षे कालमा बेपत्ता बनाइएकामध्ये धेरैको बारेमा जानकारी आइसकेको छ । हिंसात्मक द्वन्द्वमा मारिएका, बेपत्ता पारिएकाहरूको खोजी गर्ने मानवाधिकारवादी संस्थाले पनि धेरैको अवस्था सार्वजनिक गरिसकेको छ । तर भण्डारीको बारेमा न सरकारलाई थाहा छ न त माओवादीलाई नै । भण्डारीकी विधवा श्रीमतीले प्रत्येकपटक पूर्वाञ्चलमा आयोजना हुने माओवादी कार्यक्रममा श्रीमान्को खोजी गर्ने गरेकी भए पनि सधैं रित्तो मन र निराश आँखा लिएर घर फर्कने गरेकी छिन् ।*

शारदाले रुँदै भनिन्, 'धेरैलाई सोध्यौं तर कसैले पनि मैले देखें भनेनन् ।' परिवारको जीविका चलाउन जमुना स्थानीय बिस्कुट उद्योगमा काम गर्छिन् ।

भण्डारी परिवारजस्तै पीडामा बाँच्न विवश छिन् महेन्द्रनगर गाविस-४, तित्रिगाछीकी धनमाया लिम्बू । चार वर्षदेखि उनका २४ वर्षीय जवान छोरा उत्तम लिम्बू बेपत्ता भएका छन् । उत्तमलाई ०५९ साल जेठ १४ गते सेनाले घरैबाट पक्रेर बेपत्ता बनाएको

*सेनाद्वारा बेपत्ता पारिएका गाउँका अर्का २५ वर्षीय हरिबहादुर मगरको पनि कुनै अत्तोपत्तो छैन । मगरकी ६८ वर्षीया वृद्धा आमा पदमकुमारीलाई अचेल घरमा को आउँछ को जान्छ पत्तै हुँदैन । खाना रुच्नै छाडेको छ । शरीर पनि पूरै घटेको छ । कतै छोरा देखिन्छ कि भनेर टीभी हेरिरहनु, छोराको बारेमा समाचार आइहाल्छ कि भनेर रेडियो सुन्नु पदमकुमारीको दैनिकी नै बनेको छ । उनी गहभरि आँसु पार्दै भन्छिन्, 'सपनामा छोरालाई देख्छु, कतैबाट खबर आइहाल्छ कि जस्तो आश पनि लाग्छ ।'*

धनमायाले बताइन् । आँखाभरि आँसु पार्दै धनमाया भन्छिन्, 'असारमा बिहे गरेर विदेश जान्छु भन्थ्यो । बाबुआमालाई घुमाउन लान्छु भन्थ्यो । कहाँ होला छोरो ? अहिलेसम्म जिउँदै छ या मऱ्यो भन्ने थाहा नहुँदा मन पोलेर आउँछ ।'

छोरा बेपत्ता भएपछि धनमायाको आनीबानी र मानसिक अवस्थामा पूरै परिवर्तन आएको छ । उनका अनुसार टाउको दुख्ने, जीउ भारी हुने, गल्ने, केही काम गर्न मन नलाग्ने, मनमा निराशा भावना जाग्ने गरेको छ ।

छोरा हराएपछि परिवारमा शून्यता छाएको बुबा मचिन्द्र भन्छन्, 'सुत्ने बेलामा सधैं छोराकै कुरा गर्छ । एकोहोरो छोरा सम्झँदै निदाएकाले होला सपनामा पनि छोरा खोज्दै बर्बराउने, रातभरि अनिँदो रहने अनि दिनभरि सुत्ने बानी लागेको छ ।'

उत्तमसँगै सेनाद्वारा बेपत्ता पारिएका सोही गाउँका अर्का २५ वर्षीय हरिबहादुर मगरको पनि कुनै अत्तोपत्तो छैन । मगरकी ६८ वर्षीया वृद्धा आमा पदमकुमारीलाई अचेल घरमा को आउँछ को जान्छ पत्तै हुँदैन । खाना रुच्नै छाडेको छ । शरीर पनि पूरै घटेको छ । कतै छोरा देखिन्छ कि भनेर टीभी हेरिरहनु, छोराको बारेमा समाचार आइहाल्छ कि भनेर रेडियो सुन्नु पदमकुमारीको दैनिकी नै बनेको छ । उनी गहभरि आँसु पार्दै भन्छिन्, 'सपनामा छोरालाई देख्छु, कतैबाट खबर आइहाल्छ कि जस्तो आश पनि लाग्छ ।'

हरिबहादुरका दुई छोरामध्ये कान्छो छोरो निशानले त अहिलेसम्म बुबाको अनुहारसम्म देखेको छैन । पदमकुमारीले भनिन्, 'उसलाई बुबा खोइ भनेर सोधेमा 'धरानमा हुनुहुन्छ, भोलि आउनुहुन्छ भन्छ ।' छोराको शोक र दमको रोगले गत फागुनमा लोग्ने धनबहादुर पनि बितेपछि त पदमकुमारीलाई सहिनसक्नु भएको छ । उनले असहज मानसिक परिस्थितिमा समय कटाउन परेको र आफ्नो शरीर चिन्ताले खाएको बताइन् ।

माओवादीको आरोपमा २०५९ भदौ २५ गते पक्राउ परेका हासपोसा गाविस तरहराका देवहरि रिजालको अहिलेसम्म अत्तोपत्तो नहुँदा रिजाल परिवार पनि निकै चिन्तित छ । वृद्धा आमा देवयन्ती र बुबा भोलानाथ एकोहोरिएका छन् । २०६० साल भदौ ४ मा काठमाडौंबाट पक्राउ परेका सुनसरी सिंगियाकै चेतनाथ ढुङ्गानाको परिवारको अवस्था पनि उस्तै छ । बहिनी सम्झना निराश अनुहार पार्दै भन्छिन्, 'दाजु बेपत्ता भएपछि घरमा बुबाआमा रोएर दिन बिताउनुहुन्छ ।'

बेपत्तालाई सार्वजनिक गर्न सरकारलाई दबाब दिन कहिले सेनाको कार्यालय त कहिले मन्त्रालयमा धर्नासमेत दिइरहेका छन् तर उनीहरूले आफन्त पाउनु त कता हो कता जिउँदो छ कि मरेको छ समेत थाहा पाउन सकेका छैनन् ।

एघार वर्षको सशस्त्र द्वन्द्वको समयमा मारिएका र बेपत्ता पारिएकाको आधिकारिक तथ्याङ्क न सरकारसँग छ न माओवादी वा न त मानवअधिकारवादी संस्था कसैसँग । यसरी अनगिन्ती रूपमा मारिएका वा बेपत्ता पारिएकामा धेरैजसो पुरुष छन् ।

मारिने र बेपत्ता पारिनेका परिवारमा भौतिक समस्या त पर्छ नै साथै मानसिक समस्या पनि उत्पन्न हुने गरेको छ । मानसिक रोगसम्बन्धी विषेशज्ञ चिकित्सकहरूको भनाइअनुसार आफन्त मारिएकोमा उत्पन्न हुने पीडाभन्दा बेपत्ता पारिएका परिवारका सदस्यहरूमा बढी मानसिक समस्या देखापर्छन् ।

धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका मनोचिकित्सक डा. प्रमोदमोहन स्याङ्वो भन्छन्, 'बरु सन्तान मऱ्यो भने केही समय सम्झन्छन् अनि बिस्तारै बिर्सन थाल्छन् तर हराएका परिवारको बारेमा त जीवनभर सम्झना आइरहने हुनाले मानसिक यातना रहिरहन्छ ।' उनका अनुसार तत्काल परामर्श र उपचार नपाए दिनानुदिन मानसिक समस्या बढ्दै गएर पूर्णरूपमा नै असन्तुलित हुने र आत्महत्यासमेत गर्न सक्ने हुन्छन् ।

आफ्ना सन्तानको अवस्थाको कुनै पत्तो नहुँदा पर्खेर बस्नेहरूलाई मानसिक समस्या आइपर्ने गरेको छ । कति परिवारका सदस्यहरूको रुँदारुँदै मृत्युसमेत भएको छ भने कतिपय परिवारमा शारीरिक र मानसिक समस्यासमेत जटिल बन्दै गइरहेको छ ।

डा. स्याङ्वोका अनुसार नेपालीहरू उदासी (डिप्रेसन) का साथै लगातार आत्तिने (एन्जाइटी), सन्त्रासका कारण दिमाग खल्बलिने (पीटीएसडी) र विचार विभक्त भई अति नै भ्रमपूर्ण कुराहरू आइरहने कडा रोग (सिजोफ्रेनिया) जस्ता मानसिक रोगको सिकार भइरहेका छन् । डा. स्याङ्वो भन्छन्, 'यस्ता रोगले मानिस जीवनभर परिवार र देशकै भार बन्ने त छँदैछ, कुनै पनि बेला अरूमाथि आक्रमण गर्नेसम्मको अवस्थामा पुग्न सक्छ ।'

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का पूर्वाञ्चल क्षेत्रीय कार्यालयका संयोजक सोमराज थापा यसरी बेपत्ता भएकाको स्थिति कस्तो छ भनेर अहिले भन्न सकिने अवस्था नरहेको बताउँछन् । थापा भन्छन्, 'कति बेपत्ता छन, यसको यकिन सङ्ख्या पनि भन्न गाह्रो छ । बेपत्ता नागरिकहरू सार्वजनिक नगर्नु राज्य आफैं मानवअधिकार हननमा सक्रिय रहेको प्रमाण भएको देखाउँछ । माओवादी पनि यसका लागि जिम्मेवार छ ।'

हिंसा र आतङ्कले मनमा पारेको चोट निको पार्न सजिलो छैन । मनोरोगको उपचार मनोवैज्ञानिक परामर्श र मानसिक पुनर्स्थापनाबाट हुन सक्छ । तर यस्ता पुनर्स्थापना केन्द्रको बारेमा जानकारी कमै पीडितलाई रहेको पाइन्छ । यसका साथै पीडितलाई राहत र उपयुक्त सहयोग पनि सरकारले पुऱ्याउनुपर्ने हो । हिंसात्मक द्वन्द्वबाट महिला र बालबालिका सबैभन्दा प्रभावित भएका छन् ।

सुनसरीमा कति बेपत्ता छन् भन्ने स्पष्ट तथ्याङ्क जिल्ला प्रशासन कार्यालयसँग पनि छैन ।

*सुनसरीमा कति बेपत्ता छन् भन्ने स्पष्ट तथ्याङ्क जिल्ला प्रशासन कार्यालयसँग पनि छैन । बेपत्ता पारिएका व्यक्तिका परिवारलाई सरकारले क्षतिपूर्ति दिने बताए पनि सुनसरीका कतिजनाले क्षतिपूर्ति पाए भन्ने तथ्याङ्क पनि छैन । प्रमुख जिल्ला अधिकारी शारदाभक्त पौडेल भन्छन्, 'तथ्याङ्क माग्नेहरू थुप्रै छन् तर सबैतिरबाट जम्मा भइसकेको छैन ।'*

बेपत्ता पारिएका व्यक्तिका परिवारलाई सरकारले क्षतिपूर्ति दिने बताए पनि सुनसरीका कतिजनाले क्षतिपूर्ति पाए भन्ने तथ्याङ्क पनि छैन । प्रमुख जिल्ला अधिकारी शारदाभक्त पौडेल भन्छन्, 'तथ्याङ्क माग्नेहरू थुप्रै छन् तर सबैतिरबाट जम्मा भइसकेको छैन ।'

बेपत्ता हुने त भइगए तर घरमा भएका महिलाहरू अहिले पनि उनीहरूको वियोगमा छटपटाइरहेका छन् । थप जिम्मेवारीबोध र आफन्त बेपत्ताको पीडाले महिलाहरू बढी संवेदनशील भइरहेका छन् । यस्तो पीडादायी अवस्थामा पनि पुरुष घरमा नहुँदा महिलालाई हेप्ने, होच्याउने, भए-नभएका लाञ्छना लगाउनाले महिला थप पीडित हुन पुगेका छन् ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# ज्यामीबाट मिस्त्री बने महिला

*पुरुषले मात्र गर्ने भनेर चिनिएको निर्माणको काममा महिलाले पनि हात हालेका छन् । झापाबाट धरान आएर ज्यामीको काम गर्दागर्दै सिङ्गो सुनसरीभर महिला मिस्त्रीको बिँडो थामेकी भजिनी खातुन त्यसैको उदाहरण हुन् । तर महिला आफैं गाह्रो काम गर्न तयार नहुनु, समाजमा त्यस्तो वातावरण नहुनु र हौसला-प्रेरणा नहुनुले निर्माणको काममा महिला सहभागिता बढ्न सकेको भने छैन ।*

✍ **सुमित्रा 'अञ्जान' राई**

**सुनसरी**/पूर्वेली शहर धरानमा भजिनी खातुनलाई देख्नेहरू अचम्म मानेर हेर्छन् । इन्चटेप समातेर घरको नक्सा नाप्दै पिल्लर सेटिङ गर्ने, खट बाँध्ने, इँटामा सिमेन्टको टिप्कारी हान्ने, झ्यालढोकाको नाप लिने काममा खटेकी खातुनलाई देखेर पुरुषहरू जिब्रो टोक्छन् । 'पुरुषले मात्र गर्ने काम' भनेर चिनिएको काममा दिनरात खट्ने ३३ वर्षीया खातुन डेढ दशक पहिले झापाबाट काम खोज्दै धरान आइपुगेकी थिइन् । तर, लगातारको मेहनतले उनले बिरानो शहरमा आफ्नो छुट्टै पहिचान बनाएकी छिन् । धरान मात्रै होइन, अहिले सुनसरी जिल्लाभर उनलाई महिला मिस्त्री भनेर चिन्छन्, सबैले । समाजमा उनले इज्जत र सम्मान मात्रै कमाएकी छैनन्, एउटा सरकारी अधिकृतको तलबजति मासिक आम्दानी गर्ने पनि भएकी छिन् । उनको मासिक आम्दानी ८ हजार रुपैयाँभन्दा बढी हुन्छ ।

सामान्य लेखपढसमेत नगरेकी खातुनको जीवनमा कसरी आयो त यो परिवर्तन ? त्यसका लागि उनले सङ्घर्ष पनि लामै गरिन् । तीन वर्षभन्दा बढी समय त उनले 'ज्यामी' को काम गरिन् । इँटाबालुवा बोक्ने, फलामको रड तान्ने, पानी बोक्ने र सिमेन्ट बोक्ने सबै काम गरिन् । ज्यामीको काम गर्दागर्दै उनले मिस्त्रीको काम पनि सिकिन् । आफ्नो काम छिटो सकेर उनी मिस्त्रीछेउ पुग्थिन् । बिस्तारै मिस्त्रीको बीचमा बसेर गाह्रो लाउँथिन् । भन्छिन्, 'पुरुष मिस्त्रीले तिमी आफ्नो काम गर, आइमाईले मिस्त्री काम गर्न सक्दैनन् भनेर गाली गर्थे । तर मैले सिक्न भने छाडिनँ । उनीहरूको कुरा सुन्दा त सुरुमा आफू ज्यामीमै सीमित हुन्छु कि जस्तो लाग्थ्यो ।'

गरे के हुँदैन र ? मिस्त्रीको काम पुरुषले मात्र गरेको देख्दा उनलाई आफू पनि मिस्त्री बनेर काम गर्ने सोचाइ आउन थाल्यो । त्यही सोचाइलाई अठोटमा बदलिन् र सुरु गरिन् मिस्त्रीको काम । भन्छिन्, 'हामी

*सामान्य लेखपढसमेत नगरेकी खातुनको जीवनमा कसरी आयो त यो परिवर्तन ? त्यसका लागि उनले सङ्घर्ष पनि लामै गरिन् । तीन वर्षभन्दा बढी समय त उनले 'ज्यामी' को काम गरिन् । इँटाबालुवा बोक्ने, फलामको रड तान्ने, पानी बोक्ने र सिमेन्ट बोक्ने सबै काम गरिन् । ज्यामीको काम गर्दागर्दै उनले मिस्त्रीको काम पनि सिकिन् । आफ्नो काम छिटो सकेर उनी मिस्त्रीछेउ पुग्थिन् । बिस्तारै मिस्त्रीको बीचमा बसेर गाह्रो लगाउँथिन् ।*

पनि मिस्त्री बन्न पाए त कमाइ पनि धेरै हुन्थ्यो भन्ने सोचाइ आयो, काममा ध्यान दिएँ, काम गर्दागर्दै धेरै सिकैँ, नभन्दै मनले सोचेको काम गर्न सक्ने भएँ । सुरुसुरुमा नयाँ भएकाले दुःख पनि पाएँ ।' त्यसपछि काममा खारिँदै गइन् । अहिले उनको काम गर्ने शैली पुरुषको भन्दा राम्रो बनेको छ ।

उनको त्यो अठोट र लगावले महिलाले ज्यामीको काम मात्र गर्नुपर्छ भन्ने समाजको सोचाइलाई गलत सावित गरिदिएको छ । महिला पनि मिस्त्री बनेर गाह्रो काम गर्न सक्छन् भन्ने प्रमाणित गरिदिएको छ । इँटा बोक्ने, फलामको रड तान्ने, पानी बोक्ने, सिमेन्ट र

बालुवा मुछेर मिस्त्रीलाई दिनेजस्ता बल लगाउनुपर्ने

*मिस्त्री महिला नै भएपछि काम गर्न महिला ज्यामीलाई पनि सजिलो भएको छ । 'पुरुषलाई महिलाको समस्या थाहा हुँदैन, शारीरिक समस्याबारे थाहा नहुँदा आफ्ना कुरा राख्न अप्ठ्यारो हुन्छ, तर मिस्त्री महिला भएपछि हामीलाई धेरै सजिलो छ' खातुनसँगै काम गर्ने महिला ज्यामी केशरमाया राई भन्छिन् । पुरुष मिस्त्रीले व्यवहार पनि राम्रो गर्दैनन् तर खातुनले भने महिला ज्यामीलाई पनि दिदीबहिनीकै साइनो लगाएर काम गराउने हुँदा कामदारमा कामप्रतिको लगाव पनि बढ्ने गरेको छ ।*

काम मात्रै गर्ने महिला कामदार मिस्त्री बन्ने बाटो खोलिदिएकी छिन्, उनले । इन्जिनियर-ओभरसियरले डिजाइन गरेअनुसारको पिल्लर सेटिङ गर्ने, खट बाँध्ने, इँटामा सिमेन्टको टिप्कारी हान्ने, झ्यालढोकाको नाप लिनेलगायतका प्राविधिक काम पनि महिलाको हातमा आएको छ ।

उनले धरानमा मात्रै २५ वटा पक्की घर निर्माण गरेकी छिन् । ती घरमा उनको सीप र शैली देखिन्छ । दुईवटा घर त उनले आफैं ठेक्कामा लिएर पनि गरिन् । पुरुषले मात्र गर्ने धेरैजसो काम र पेशामा अब महिला पनि सरिक हुन थालेका छन् । तर निर्माणको काममा भने अझै पनि महिला सहभागिता बढ्न सकेको छैन । कठिन र चुनौतीपूर्ण काम गर्नुपर्ने भएकोले पनि धेरैजसो महिला निर्माणका काममा सरिक हुन हिच्किचाउने गर्छन् । सुनसरीमा खातुनबाहेक अरू महिला मिस्त्री बन्न तयार नहुनुको कारण पनि यही हो । आफूले सिकेको कामको अनुभव र त्यसले मिल्ने आत्मसन्तुष्टि सुनाउँदै उनी अरू महिलालाई पनि निर्माणका काममा सरिक हुन सल्लाह दिन्छिन् । 'दैनिक आठ घन्टा काम गरेर राम्रो ज्याला पाउन सकिन्छ, ज्यामीभन्दा दुई-तीन गुना बढी आम्दानी हुन्छ,' उनी भन्छिन्, 'महिलाहरू ज्यामी मात्रै होइन, मिस्त्री पनि बन्नुपर्छ अब ।'

निर्माण कार्यमा सरिक हुन चाहने महिलाका लागि उनको डेढ दशक लामो अनुभव प्रेरणा बन्न सक्छ । मिस्त्री बनेर निर्माणका काम गर्ने उनको कुनै सोचाइ र तयारी थिएन । पेट पाल्नका लागि मजदुरी गर्न धरान आएकी थिइन् । 'रहरले होइन, पेट पाल्न ज्यामी काम गरें, त्यसैबाट सिक्दासिक्दै मिस्त्री बनें' उनी भन्छिन्, 'गरेपछि सबै हुनेरहेछ, चुप लागेर बसेको भए म पनि अहिले ज्यामी मात्रै हुन्थें ।' चरचरी फुटेका हात र खुट्टा हेर्दा उनको कामप्रतिको लगाव देखिन्छ । 'दुःख नगरी कहाँ सुख पाइन्छ र ? मेहनत र इमान्दारिताले काम गर्नुपर्‍यो, त्यसपछि पो कामको मूल्याङ्कन पनि हुन्छ ।'

उनी आफैंले भोगेको दुःखले उनलाई यस ठाउँमा ल्याउन मद्दत पुर्‍याएको हो । गर्भवती भएकै बखत लोग्नेको मृत्यु भएको थियो । त्यसपछि एक्लो भएकी उनीसँग गुजारा गर्ने उपाय पनि थिएन । दुई छाक जोर्न केही समय झापाकै अमरदहमा सब्जी व्यापार गरिन् । तर, यसबाट गुजारा चलेन । छोरा जन्मँदा घरमा एकछाक पकाउने चामल थिएन । केही उपाय नलागेपछि सुत्केरी अवस्थामै धरान आइपुगिन् र पन्ध्र दिनको सुत्केरी अवस्थामै ज्यामी काम गर्न सुरु गरिन् । ज्यामीले भन्दा मिस्त्रीहरूले धेरै ज्याला थापेको देखेपछि नै उनमा मिस्त्री बन्ने सोचाइ आएको हो ।

पढ्न नपाउँदा नै यो दुःख भोग्नुपरेको उनले राम्रोसँग बुझेकी छिन् । त्यसैले उनको जोड अहिले छोरालाई पढाउनमा छ । छोरा स्थानीय माविमा ८ कक्षामा पढ्दैछन् । छोराको पढाइ खर्च जुटाउन र उच्चशिक्षासम्म पढाउन उनी दिनरात काममा खट्छिन् । छोराको पढाइ र बिरामी हुँदा औषधि उपचार गर्न चाहिएला भनेर केही रकम बचत गरेकी छिन् । मिस्त्री बनेर कमाएको पैसाले झापा गौरादहमा चिटिक्कको घर पनि बनाएकी छिन् ।

पुरुषभन्दा महिला मिस्त्रीलाई काम गर्न गाह्रो भए पनि उनले त्यस्ता समस्या पन्छाउँदै आएकी छिन् । 'अप्ठ्यारो ठाउँमा खट बाँध्न गाह्रो हुन्छ, रजस्वला भएको बेला तीन-चार पत्र लुगा लगाएर काम गर्नुपर्छ । त्यसबेला गह्रौं भारी बोक्न हुँदैन । केही भएर माथिबाट तल झरियो भने ज्यानै जाने डर हुन्छ,' उनी भन्छिन्, 'त्यसैले काममा होसियारी पनि धेरै हुनुपर्छ ।' तर आफूसँगैका साथीहरू अहिलेसम्म पनि ज्यामीमै सीमित रहेको र आफू मिस्त्री बनेको देख्दा भने उनलाई 'मैले केही गरेंछु' भन्ने गर्व लाग्छ ।

मिस्त्री महिला नै भएपछि काम गर्न महिला ज्यामीलाई पनि सजिलो भएको छ । 'पुरुषलाई महिलाको समस्या थाहा हुँदैन, शारीरिक समस्याबारे थाहा नहुँदा आफ्ना कुरा राख्न अप्ठ्यारो हुन्छ, तर मिस्त्री महिला भएपछि हामीलाई धेरै सजिलो छ' खातुनसँगै काम गर्ने महिला ज्यामी केशरमाया राई भन्छिन् । पुरुष मिस्त्रीले व्यवहार पनि राम्रो गर्दैनन् तर खातुनले भने महिला ज्यामीलाई पनि दिदीबहिनीकै साइनो लगाएर काम गराउने हुँदा कामदारहरूमा कामप्रतिको लगाव पनि बढ्ने गरेको छ ।

धेरै महिला मिस्त्री बन्न चाहन्छन् तर काम नपाइएला भन्ने डरले ज्यामीमै सीमित छन् । इटहरीका ठेकेदार वासुदेव शाह महिलाका लागि मिस्त्री काम अप्ठ्यारो भएको र उनीहरूले आफैं गाह्रो मान्ने गरेको बताउँछन् । तर, नेपाल बिजुली, पेन्टर, प्लम्बर तथा निर्माण मजदुर युनियन (क्युपेक) सुनसरीका अध्यक्ष मुक्तिनाथ गिरी अवसर नपाएर महिलाहरू मिस्त्री बन्न नसकेको बताउँदै भन्छन्, 'ठेकेदार र पुरुष मिस्त्रीले हौसला दिने हो भने धेरै महिला मिस्त्री बन्न सक्छन् ।'

क्युपेकका अनुसार सुनसरीमा घर-भवन निर्माणमा एक हजार ४ सय पुरुष कामदार र तीमध्ये चार सय मिस्त्री छन् । महिला कामदारको सङ्ख्या ५ सय भए पनि मिस्त्री एकजना खातुन मात्र हुन् । खातुनले गर्न सक्ने काम अरूले नसक्ने कुरै छैन तर खाँचो छ महिला आफैंमा मिस्त्री बन्ने तत्परता अनि त्यसका लागि चाहिने वातावरण र सामाजिक हौसलाको ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# विस्थापितको घाउ अझै आलै

*माओवादी तथा राज्यपक्षको द्वन्द्वमा परेर गाउँबाट विस्थापितहरू आफ्नो गाउँठाउँ सम्झन्छन्, जान चाहन्छन् तर उजाड बनेको घर र बञ्जर बनेको खेतबारी सम्झेर अत्तालिन्छन् । उनीहरूको अहिलेको प्रमुख पिरलो नै दैनिक खानपान र आफ्नो सुरक्षा होला-नहोला भन्ने हो । राज्यले खानबस्नको राम्रो प्रबन्ध गरिदिएमा र माओवादीले कब्जामा लिएको सम्पत्तिको क्षतिपूर्ति दिएमा तत्काल घर फर्कन तयार रहेको विस्थापितहरू बताउँछन् । तर माओवादीले भने क्षतिपूर्ति दिन सम्भव नभएको बताएको छ ।*

**✍ जमुना शर्मा**

**बागलुङ**/ बागलुङ सदरमुकाममा विस्थापित जीवन बिताइरहेका हर्कबहादुर रोका अहिले पनि गाउँ फर्कन सकेका छैनन् । उनको खेतमा न त अन्नपात छ न त घरमा खानेकुरा नै केही छ । घरमा हुने सामान्य सामग्री भाँडाकुँडा, ओढ्ने-ओछ्याउने सिरकडसनासमेत छैन । २०५९ वैशाख १६ गतेदेखि विस्थापित रोकाको बस्ने घरसमेत जीर्ण भइसकेको छ । त्यसलाई मर्मत नगरी बस्न सकिने अवस्था छैन ।

सदरमुकाममा मजदुर काम गरी बनिबुतो श्रीमती र एक छोराको परिवार पाल्दै आएका छन् रोकाले । पुनर्स्थापनाका लागि सरकारले दिएको ५ हजार रुपैयाँले यी सबै बन्दोबस्त कसरी जुटाउन सक्लान् ? रोका भन्छन्, 'बाँझो खेतबारी जोतेर उब्जाउ बनाउन पनि कम्तीमा ६ महिना लाग्छ, त्यतिञ्जेल के गरेर खाने ?'

उनी ०५९ वैशाखदेखि विस्थापित भएका हुन् । आफ्नो सम्पूर्ण सम्पत्ति चटक्क छाडेर सदरमुकाममा मजदुर गर्न विवश रोकामा सरकार-माओवादीबीच भएको शान्ति सम्झौताले खुसी त ल्याएको छ । तर घर फर्कनेबित्तिकै जीवन धान्ने समस्याबाट भने उनी अहिले पनि त्यत्तिकै पिरोलिएका छन् । 'सरकारले दिएको पाँच हजार रुपैयाँले केको घर जान सकिन्छ र ?,' उनी सुनाउँछन्, 'गाउँमा जानेबित्तिकै चामल, तरकारी किन्नुपर्‍यो, मजदुर गर्न काम पाइँदैन, केले चामल-तरकारी किनेर जीवन धान्ने ?'

अर्कोतर्फ गाउँमा माओवादीले प्रतिशोध साध्ने हुन् कि भन्ने डर पनि उनलाई त्यत्ति नै छ ।

माओवादीको बोलीमा पुनर्स्थापनाका लागि सहयोग गर्छौं भने पनि ठाउँ-ठाउँमा दुःख दिएको घटनाप्रति चिन्ता पोख्दै उनले सुरक्षाको 'ग्यारेन्टी' पनि खोजेका छन् । यी सबै समस्याप्रति राज्यपक्ष भने संवेदनशील नभएकोमा उनी दुःखी छन् ।

'पहिला सुरक्षाको ग्यारेन्टी राज्यले दिनुपर्छ, त्यसपछि विस्थापितलाई अन्नबाली नआउँदासम्मका लागि गाँसबाँसको प्रबन्ध गर्नुपर्छ,' रोका भन्छन्, 'यदि माओवादीले कब्जा गरेका सबै सामान फिर्ता गर्छ भने हामी केही नभनी तत्कालै घर फर्कन तयार छौं ।'

माओवादीले उनको घरका भाँडाकुँडादेखि अन्नबाली र घरसमेत कब्जामा लिएका थिए । शान्तिसम्झौतापछि कब्जामा लिएका घरजग्गा फिर्ता गरेको घोषणा गरेका छन् । तर लुटेका भाँडाकुँडा र अन्नबालीको क्षतिपूर्ति भने माओवादीले दिन नसक्ने बताइसकेको छ । 'माओवादीले नदिए पनि राज्यले दिनुपर्छ,' उनी भन्छन्, 'पाँच हजार रुपैयाँ दिने घोषणाले विस्थापितलाई राहत होइन, झन आहत बनाएको छ ।'

रोकाको जस्तै नियति भोगेका छन् बुङ्गादोभान गाविस-३ का चन्द्रबहादुर पुनले पनि । उनी पनि ०६१ मङ्सिर १३ गतेदेखि सदरमुकाममा विस्थापित जीवन बिताउँदै आएका छन् । उनको पनि माओवादीले सम्पूर्ण चल-अचल सम्पत्ति कब्जामा लिएका थिए । 'कब्जामा लिएको सम्पत्ति सबै फिर्ता गरेमा घर फर्कन तयार छौं, तर अहिले फिर्ता गरेर हामीलाई पुनर्स्थापना गराउने वातवरण नै बनेको छैन,' उनले भने, 'लुटिएको सामान फिर्ता नगर्ने हो भने राज्यले केही समयका लागि हामीलाई सहयोग गर्नुपर्छ ।'

बागलुङ जिल्ला प्रशासन कार्यालयका अनुसार बागलुङको ग्रामीण भेगबाट विस्थापित भई सदरमुकाममा बस्दै आएका ६९ घरपरिवार छन् । जसमध्ये अहिलेसम्म १६ घरपरिवारले मात्रै पुनर्स्थापना हुन चाहेका छन् । तीमध्ये तीन परिवारले पुनर्स्थापितका लागि प्रशासनबाट ५ हजार रुपैयाँ पनि लिइसकेका छन् । राज्यले विस्थापित परिवारलाई पुनर्स्थापनाका लागि ५ हजार रुपैयाँ दिने घोषणा गरेको थियो । तर त्यो रकम लिएर पुनर्स्थापना हुन चाहने सङ्ख्या भने निकै कम छ । घर फर्किएको बेलुकादेखि ओढ्ने-ओछ्याउने कपडादेखि खाने चामल र तरकारीसम्म किन्नुपर्ने अवस्थाले पिरोलिएका विस्थापित त्यति रकमले केही गर्न नसकिने बताउँछन् । विस्थापित हर्कबहादुर र चन्द्रबहादुरको पीडाजस्तै दर्जनौं विस्थापितको पीडा उस्तै छ अहिले पनि ।

विस्थापितले उठाएको यो समस्या जायज भए पनि स्थानीय प्रशासनले थप सहयोग गर्न नसक्ने

*उनी ०६९ वैशाखदेखि विस्थापित भएका हुन् । आफ्नो सम्पूर्ण सम्पत्ति चटक्क छाडेर सदरमुकाममा मजदुर गर्न विवश रोकामा सरकार-माओवादीबीच भएको शान्ति सम्झौताले खुसी त ल्याएको छ । तर घर फर्कनेबित्तिकै जीवन धान्ने समस्याबाट भने उनी अहिले पनि त्यत्तिकै पिरोलिएका छन् । 'सरकारले दिएको पाँच हजार रुपैयाँले केको घर जान सकिन्छ र ?,' उनी सुनाउँछन्, 'गाउँमा जानेबित्तिकै चामल, तरकारी किन्नुपर्‍यो, मजदुर गर्ने काम पाइँदैन, केले चामल-तरकारी किनेर जीवन धान्ने ?'*

बागलुङका प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद लम्साल बताउँछन् । 'विस्थापितको पुनर्स्थापनाका लागि पाँच हजार रुपैयाँ थोरै हो,' उनी भन्छन्, 'तर यो भन्दा बढी सहयोग दिनका लागि माथिबाटै निर्णय भएर आउनुपर्‍यो ।'

उनले विस्थापितका लागि सहयोग कम भएका कारण पनि ठूलो सङ्ख्यामा रहेका विस्थापितलाई पुनर्स्थापना गर्न नसकिएको बताए । घर फर्काउने पहलस्वरूप प्रशासनले थप सहयोग सङ्कलन गर्न खोजेको जानकारी दिँदै उनले भने, 'सबैको एउटै समस्या छ राज्यले छुट्याएको पाँच हजार रुपैयाँले केही गर्न सकिँदैन भन्ने ।'

प्रशासनले स्थानीय स्रोत जुटाएर थप केही रकम दिएर पुनर्स्थापना गराउने बाटो खोजेको छ । 'थप सहयोग दिएर पुनर्स्थापना गर्न सकिन्छ कि भनेर हामी लागिरहेका छौं,' लम्सालले भने, 'त्यसका लागि जिविस, नगरपालिकालगायतका सङ्घसंस्थासँग सहयोग माग गरिराखेका छौं ।'

केही विस्थापितको समस्या भने अलि भिन्दै खालको छ । सदरमुकाममा राम्रो पेशा-व्यवसाय गरेर

स्थापित भएका छन् । त्यस्तो परिवार अब गाउँ फर्कने मनस्थितिमा छैन । तर यस्तो परिवारको सङ्ख्या आधा दर्जनभन्दा बढी नभएको प्रशासनको भनाइ छ । 'केही परिवार भने सदरमुकाममा राम्रो व्यवस्था गरेर बसेका छन्, उनीहरूलाई अब गाउँ फर्कनभन्दा यहीँ राम्रो भएको छ,' प्रजिअ लम्साल थप्छन्, 'साँच्चिकै समस्यामा रहेका परिवारलाई थप सहयोग आवश्यक छ ।'

माओवादीले कब्जामा लिएको सम्पत्ति फिर्ता गरेको घोषणा गरे पनि सबैको हकमा भने व्यवहारमा अझै लागू भएको छैन । कतिपयको कब्जामा लिइएको घरजग्गासमेत फिर्ता भएको छैन । भारतीय सेनाबाट निवृत्त हवल्दार हुमबहादुर भण्डारीले आफ्नो देवीस्थान-४ को घरजग्गा अझै माओवादीको कब्जामा रहेको बताए । आफ्नो छोरा सेनामा भर्ती भएकै कारण विस्थापित जीवन बिताइरहेका भण्डारी आफ्नो सम्पत्ति मात्रै फिर्ता गरिदिएमा घर फर्कने बताउँछन् ।

'माओवादीले अहिलेसम्म लगाएको ताला पनि खोलेका छैनन्, सम्पत्ति फिर्ता भएको छैन,' उनी भन्छन्, 'मलाई पाँच हजार रुपैयाँको लोभ पनि छैन, तर सम्पत्ति फिर्ता नगरेसम्म कसरी घर फर्कने ?' उनी प्रतिप्रश्न गर्छन् ।

इन्सेकेको तथ्याङ्कमा भने विस्थापित ६९ मध्ये अहिलेसम्म ९ जनाको मात्र घरजग्गा माओवादीले फिर्ता गरेका छैनन् । तर उनीहरूको सम्पत्तिका बारेमा माओवादीले केही नबोली सबैको घरजग्गा फिर्ता गरिएको प्रतिक्रिया दिएका छन् ।

कब्जामा लिइएको कतिपयको सम्पत्ति फिर्ता नहुनु र राजनीतिक आस्थाका आधारमा धम्काउँदै आउनुले पनि विस्थापित घर फर्कन नसकेको पीडितहरूको अनुभव छ । जनमोर्चा पार्टीमा आबद्ध भएकै कारण आफ्ना २ छोरा र एक छोरीलाई लिएर सदरमुकाममा विस्थापित जीवन बिताउनुपरेको बताउने बोबाङ- ८ की तारादेवी पुनर्स्थापनाका लागि गाउँमा वातवरण अझै सहज नभएको बताउँछिन् ।

श्रीमान्का तीन श्रीमतीमध्ये जेठी रहेकी तारादेवी आफ्ना तीन लालाबाला पाल्न सदरमुकाममा रक्सी बनाउने गर्छिन् । त्यहीबाट आएको आम्दानीले छोराछोरी र आफू पालिएकी छिन् । 'घर जाने अवस्था अझै बनेको छैन, माओवादीका तल्ला तहका कार्यकर्ताले अझै धम्क्याउने गरेका छन्,' उनी भन्छिन्, 'घर फर्कनका लागि पहिला सुरक्षा हुनुपर्‍यो, त्यसपछि बालबच्चाको पढाइ, गाँसबास र कपासको उचित प्रबन्ध सरकारले गर्नुपर्‍यो ।'

नागरिक समाजका प्रतिनिधि र सामाजिक कार्यकर्ताहरू पनि विस्थापितले उठाएका प्रश्न जायज

*माओवादीले कब्जामा लिएको सम्पत्ति फिर्ता गरेको घोषणा गरे पनि सबैको हकमा भने व्यवहारमा अझै लागू भएको छैन । कतिपयको कब्जामा लिइएको घरजग्गासमेत फिर्ता भएको छैन । भारतीय सेनाबाट निवृत्त हवल्दार हुमबहादुर भण्डारीले आफ्नो देवीस्थान-४ को घरजग्गा अझै माओवादीको कब्जामा रहेको बताए । आफ्नो छोरा सेनामा भर्ती भएकै कारण विस्थापित जीवन बिताइरहेका भण्डारी आफ्नो सम्पत्ति मात्रै फिर्ता गरिदिए घर फर्कने बताउँछन् ।*

रहेको बताउँछन् । विस्थापितलाई पुनर्स्थापनाका लागि राज्यले सहयोग बढाउनुपर्ने र माओवादीले विगतको प्रतिशोध साध्ने व्यवहार नदेखाई सहयोगी व्यवहार देखाउन सकेमा मात्रै विस्थापितलाई पुनर्स्थापना गर्न सकिने उनीहरूको धारणा छ ।

'राज्यले ५ हजार रुपैयाँ फालेर पुनर्स्थापना गराउन खोज्नु त मूर्खतापूर्ण काम हो,' रेडक्रसका उपसभापति जगदीश उपाध्याय भन्छन्, 'पुनर्स्थापना भएर गएकाहरूले अहिले दयनीय अवस्था भोगेका छन्, त्यसलाई तत्काल सम्बोधन गरेर सहयोग बढाउनुपर्छ ।'

राज्यले खानेबस्नेको राम्रो प्रबन्ध गरिदिएमा वा माओवादीले कब्जामा लिएको सम्पत्तिको क्षतिपूर्ति दिएमा तत्काल घर फर्कन तयार रहेको विस्थापितहरू बताउँछन् । तर माओवादीले भने क्षतिपूर्ति दिन सम्भव नभएको बताएको छ । माओवादी पार्टी बागलुङ सचिवालयका सदस्य अनिल सुवेदी माओवादीले पुनर्स्थापनाका लागि कहीँकतै अवरोध सिर्जना नगरेको बताउँछन् । 'विगतमा कारबाही गर्दा बिक्री भएका सरसामान र सम्पत्तिको माग गर्नु सम्झौताविपरीत हो,' उनले भने, 'माओवादीलाई अप्ठ्यारोमा पार्ने नियोजित उद्देश्य अहिले चलिराखेको छ ।' उनले स्थानीयस्तरमा राजनीतिक दलहरूसँग छलफल गरी विस्थापितहरूलाई घर फर्काउने कार्य भइरहेको पनि जानकारी गराए ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# बाबुआमा नै सडकमा माग्न पठाउँछन्

*सडकलाई नै आफ्नो घर बनाएर गुजारा चलाउने थुप्रै बालबालिकाको प्रतिनिधि बनेकी छिन् रुवी । रुवीलाई मागेर खान पनि उनकै बाबुआमाले सिकाए । दिनभरि मागेर खान नपाए उनी भोकै पर्छिन् । उनी आफ्नो मात्र होइन, तीन वर्षीय भाइको पेट भर्न पनि यसैगरी जोहो गर्छिन् ।*

✍ **शारदा गैरे**

**बुटवल**/ बुटवलका धेरै स्थानीयवासीलाई थाहा छ रुवीका बुबाआमा जीवितै छन् भन्ने कुरा । तर उनी बुबाआमा मरे भन्छिन् । र, अनेक दुःख देखाउँदै यात्रुसँग पैसा माग्दै हिँड्छिन् । त्यसरी नै मागेर दिनमा उनले पचास रुपैयाँसम्म हात पार्छिन् ।

रुवीका बुबा मनपर्दा रिक्सा चलाउँछन् । आमा बुटवल चौराहाको एउटा सानो होटलमा काम गर्छिन् ।

'नढाँटे त पैसै दिन्नन् । आमाबुबाले नै यसै भन्न सिकाए, मैले के गर्ने ? कागज देखाएपछि त धेरैले सोध्दैनन् । सोधे भने ढाँट्छु पनि बाबुआमा छैनन् भनेर,' ८ वर्षीया रुवीले हाँस्दै सुनाइन् ।

पुस-माघको ठिहिऱ्याउँदो जाडो होस् वा चैत-वैशाखको गर्मी । रुवीको दिनचर्या बुटवलको चौराहा बस स्टेसनबाट सुरु हुन्छ । करिब ३ वर्षको भाइ बोकेर कागज देखाउँदै बसका यात्रुहरूसँग उनी पैसा माग्छिन् ।

उनले यात्रुहरूलाई देखाउँदै पैसा माग्ने कागजमा लेखिएको छ, 'मेरी आमा बिरामी हुनुहुन्छ र बुबा बित्नुभएको छ । मेरो कुनै घरजग्गा वा नियमित आम्दानी नभएकोले मेरी आमाको उपचारार्थ तपाईंले सहयोग गर्नुभई लोककल्याणको पुण्यलाभ गर्नुहुन म एक नाबालकको तर्फबाट अनुरोध गर्दछु । धन्यवाद नारायण पन्थी, सुकुम्बासी टोल, पुरानो बस पार्क ।'

कागज देखाउँदै हिँड्ने रुवीलाई भने त्यो कागजमा के लेखिएको छ थाहा छैन । कसका लागि किन बनाइएको हो भन्ने पनि थाहा छैन उनलाई । 'म पढ्नै जान्दिनँ । नजानेपछि के चासो ? बाआमाले यही लिएर माग भने मैले त्यसै गरेँ, उनीहरू नै जानुन् । माग्न नहिँड्ने हो भने भोकभोकै बस्नुपर्छ । मलाई त्यत्ति थाहा छ ।' उनी सुनाउँछिन् ।

रुवीका बुबा दिनहुँ रक्सी खाएर टिल्ल पर्छन् । आफूले कमाएको पैसा त सबै रक्सी खाएरै सिध्याउँछन् । आमाको कमाइ पनि त्यसैगरी सिध्याउँछन् । जसले गर्दा रुवीका बुबाआमा दिनहुँ झगडा गर्छन् । बस्ने बास कतै नभएका उनीहरू सडककै पेटीमा रात बिताउँछन् । रुवीलाई मागेर खान भनेका छन् । मागेर पाए खान्छिन् रुवी नत्र भोकै पर्छिन् ।

'भाइ र मलाई खाने खर्च जुटाउनकै लागि पनि माग्न नहिँडी सुख छैन । दिनभरि भाइलाई लिएर माग्न हिँड्छु । राति बुबाआमासँगै सडकमा सुत्छु ।' रुवी बताउँछिन् ।

*उता, करिब ६ वर्षीय वीरे दर्जी बिहान उठेपछि पैसा माग्न सुरु गर्छन् । नाकभरि सिगान लिएर एउटा हातले पाइन्ट तान्दै यात्रुहरू देखेपछि उनी चिच्याउँछन्, 'बुबा मरे, आमा बिरामी छन्, औषधि किन्न पैसा चाहिएको छ ।' यसरी चिच्याएर हात थाप्दा दिनभरिमा उनले २५ देखि ३५ रुपैयाँसम्म जम्मा गर्ने गरेको बताउँछन् । जसबाट उनले खानाबाहेक चुरोट, रक्सीजस्ता नसालु पदार्थ पनि सेवन गर्छन् ।*

यहाँ कोही बुबाआमा नभएर त कोही भएर पनि रुवीजस्तै सडकबालबालिका बनेका छन् । सामान्यतया सडकबालबालिकाहरू कवाड बटुल्दै हिँड्छन् । त्यसमध्ये कोही यात्रुहरूसँग पैसा माग्दै पनि हिँडेका भेटिन्छन् । आफ्नो पेट पाल्न अरू उपाय नभेटेपछि उनीहरू चोर्नसमेत पछि पर्दैनन् ।

उता, करिब ६ वर्षीय वीरे दर्जी बिहान उठेपछि पैसा माग्न सुरु गर्छन् । नाकभरि सिगान लिएर एउटा हातले पाइन्ट तान्दै यात्रुहरू देखेपछि उनी चिच्याउँछन्, 'बुबा मरे, आमा बिरामी छन् औषधि किन्न पैसा चाहिएको छ ।'

यसरी चिच्याएर हात थाप्दा दिनभरिमा उनले २५ देखि ३५ रुपैयाँसम्म जम्मा गर्ने गरेको बताउँछन् जसबाट उनले खानाबाहेक चुरोट, रक्सीजस्ता नसालु पदार्थ पनि सेवन गर्छन् । 'मैले जम्मा गरेको पैसाबाट म जे पनि खान सक्छु जसो पनि गर्न सक्छु,' किन नसालु पदार्थ खाएको भन्ने प्रश्नमा उनी भन्छन्, 'सडकमा सँगै सुत्ने अरू साथीहरूले पनि यस्तै चिज खान्छन् त्यही देखेर खाएको ।'

यसरी माग्दै हिँड्ने प्रायः सडकबालबालिका चुरोट, रक्सी, इनामेलजस्ता नसालु पदार्थ खाएका भेटिन्छन् । सडक नै उनीहरूका लागि घर बनेको छ । खाने-बस्नेको कुनै ठेगान छैन । त्यस्ता सडक-बालबालिका रूपन्देहीमा दुई प्रकारका छन् । एकथरी चौबीसै घन्टा सडकमा बिताउँछन् र अर्कोथरी दिनभरि सडकमा बिताउँछन्, राति आ-आफ्नो घरमा जान्छन् ।

बाल सम्पर्क केन्द्र बुटवलले निकालेको तथ्याङ्कअनुसार रूपन्देही जिल्लामा मात्र पनि सडकबालबालिका एक हजार एक सय १९ जना छन् जसमा हरेकपल सडकमा बिताउने बालबालिका सयभन्दा बढी छन् ।

२०५० सालभन्दा अगाडि यसरी हिँड्ने बालबालिकालाई समाजले जे-जसरी चिने पनि त्यसपछि सम्पन्न राष्ट्रिय सम्मेलनले उनीहरूको न्वारान गर्‍यो- सडकबालबालिका नाम दिएर ।

हीरा दमाईं आफ्नी आमा मरेपछि सडकमा आएकी हुन् । उनी दिनभरि पैसा माग्न हिँड्छिन् । साँझ परेपछि पैसाअनुसार आफूलाई मन लागेको खान्छिन् । रात परेपछि सडकमै सुत्छिन् । उनी यसरी माग्न हिँड्न थालेको करिब २ वर्ष पुगिसकेको छ । यस अवधिमा उनले थुप्रै आफूजस्तै साथीहरू पनि बनाएकी छन् ।

हीरालाई यात्रुहरूले धेरैपटक आफ्नो घरमा काम गर्न हिँड् पनि भनेका छन्, तर उनी जान्नन् ।

'मान्छेको भर हुन्न, कतै बेच्न लाने हुन् कि भन्ने डर लाग्छ । त्यसमाथि मैले पढ्न जानेकी छैन । नपढेको मान्छेलाई त बेचेर आफूहरूले पैसा लिन्छन् रे ।' उनी सतर्क हुन खोज्दै सुनाउँछिन् । पैसा मागेर खाना जुटाउने हीरालाई अचेल पढ्ने रहर भने जागेको छ । 'सुकुम्बासीमा हाम्रा लागि स्कुल बन्दैछ रे । त्यहाँ त अर्को वर्षदेखि म पनि पढन जाने हो ।' उनले उत्सुक हुँदै भनिन् ।

*उनले यात्रुहरूलाई देखाउँदै पैसा माग्ने कागजमा लेखिएको छ, 'मेरी आमा बिरामी हुनुहुन्छ र बुबा बित्नुभएको छ । मेरो कुनै घरजग्गा वा नियमित आम्दानी नभएकोले मेरी आमाको उपचारार्थ तपाईंले सहयोग गर्नुभई लोककल्याणको पुण्यलाभ गर्नुहुन म एक नाबालकको तर्फबाट अनुरोध गर्दछु । धन्यवाद नारायण पन्थी, सुकुम्बासी टोल, पुरानो बस पार्क ।' कागज देखाउँदै हिँड्ने रवीलाई भने त्यो कागजमा के लेखिएको छ थाहा छैन । कसका लागि किन बनाइएको हो भन्ने पनि थाहा छैन उनलाई ।*

यस्ता सडकबालबालिकाको अवस्था सुधार गरी उनीहरूको पुनर्स्थापना गर्न र सङ्ख्या घटाउने भन्दै देशमा थुप्रै गैरसरकारी संस्था खुलेका छन् । अहिले रूपन्देहीमा मात्र बालबालिकाको क्षेत्रमा काम गर्ने करिब आधा दर्जन संस्था पुगिसकेका छन् । तर सडकबालबालिकाको अवस्थामा भने सुधार आएको देखिँदैन । उनीहरूको सङ्ख्या घट्नुको सट्टा बढ्दो छ ।

पछिल्लो समयमा गैरसरकारी संस्थाहरूले सडकबालबालिकाका नाममा धेरै रुपैयाँ खर्च गरेका छन् । तर, उनीहरूले खर्चेको रकम सडकबालबालिकासम्म नै नपुगेको आरोप उनीहरूले लगाएका छन् । तथापि रूपन्देहीका सडकबालबालिका हेर्ने गैरसरकारी संस्थाका प्रतिनिधिहरू भने यो कुरा स्वीकार गर्दैनन् । बरु आफूहरूले धेरै ठूलो काम गरेको बताउँछन् ।

बाल सम्पर्क केन्द्र बुटवलका सचिव इन्द्र दाहाल भन्छन्, 'सडकबालबालिकाको क्षेत्रमा सरकारले काम नगरिरहेको अवस्थामा गैरसरकारी संस्थाको पहलमा धेरै काम भएका छन् । त्यो नै ठूलो उपलब्धि हो ।'

सचिव दाहालका अनुसार बाल सम्पर्क केन्द्र बुटवलले ७ वर्षको अवधिमा करिब २ सयको हाराहारीमा सडकबालबालिकालाई पुनर्स्थापना

गरिसकेको छ । तर अहिले अन्य सडकबालबालिकालाई पुनर्स्थापना गर्ने काम रोकिएको छ ।

उनी भन्छन्, 'श्रोत-साधनको अभाव भएकोले निरन्तरता दिन गाह्रो परेको हो । श्रोत जुटाएर पुनर्स्थापना गर्ने काम थालिहाल्छौं ।' पछिल्लोपटक बालबालिकाको क्षेत्रमा काम गर्न भनी खोलिएको सी.पी.सी.एस. नामक संस्थाले रातमा बुटवलका सडकबालबालिकालाई आश्रय दिने गरेको छ जहाँ अहिले २५ सडकबालबालिका राति सुत्न जाने गरेको संस्थाका संयोजक बद्रीप्रसाद शर्मा बताउँछन् । 'तर यत्तिले मात्र सडकबालबालिकाको समस्या समाधान हुँदैन' संयोजक शर्माले सुनाए ।

जिल्ला बाल कल्याण समितिका सदस्य राधेश्याम राजभण्डारी सडकबालबालिकाको समस्या हटाउन गैरसरकारी संस्थाले मात्र नसक्ने हुँदा गैरसरकारी संस्थासँगै सरकार तथा सम्बद्ध सबै निकायको पहल रहनुपर्ने बताउँछन् ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# अलैंची खेतीमा रमाउँदैछन् किसान

***मङ्सिर महिना घरमा धान भित्रिने हुँदा निकै खुसी हुन्थे किसान । तर अब धानले भन्दा बढी फाइदा अलैंचीले दिएपछि अलैंची व्यवसायमै रमाउन थालेका छन्, ताप्लेजुङका यी किसान । विदेशमा पसिना बगाउनुभन्दा आफ्नै माटोमा रम्न थालेका छन् उनीहरू । परम्परागत खेती धानभन्दा अलैंचीले आर्थिक अवस्था राम्रो भएपछि उनीहरू अलैंची खेतीप्रति नै आकर्षित हुन थालेका हुन् ।***

**✍ सीता निरौला**

**ताप्लेजुङ**/ सिकैचाकी यसोदा पौडेलले धान फल्ने खेतमा अलैंचीका बिरुवा रोपेको देख्दा सात वर्षअघि धेरै गाउँलेले अनौठो मानेका थिए । मानो खाएर मुरी उब्जाउने दिनमा अलैंचीको बिरुवा कोट्याएर दिन बिताउँदा सबैको हाँसोको पात्र बनेकी तिनै पौडेल आज सबैलाई प्रेरणा दिने व्यावसायिक कृषक बनेकी छिन् ।

धान खेती गर्दा दुई पैसा जोहो गर्न नसकेकी यसोदा अलैंची खेती गरेर वार्षिक एक लाख रुपैयाँ बचाउँछिन् । त्यसो त धान खेती गर्न उनले चट्टै छाडेकी पनि छैनन् । तर, परम्परागत रूपमा लगाएको धान खेतीले भन्दा व्यावसायिक रूपमा लगाएको अलैंची खेतीले उनको आर्थिक अवस्थामा परिवर्तन ल्याइदिएको छ ।

धान खेतीमा आश्रित रहँदा परिवारको घर खर्च धान्न सकेकी थिइनन् । 'जग्गा उही हो, मान्छे उही हो । पहिला यही जग्गाबाट जीवन धान्न हामीलाई गाह्रो हुन्थ्यो' पाँच छोराछोरीकी आमा यसोदा भन्छिन्, 'तर अहिले खेती गर्ने तरिका फेरिँदा दुई पैसा माग्न कसैसँग गुहार माग्नुपरेको छैन ।'

अलैंची खेती फस्टाओस् भनेर अलैंचीसँग रोपिएका रूख पनि क्रमश हुर्किंदै छन् । अलैंची उत्पादनसँगै आफ्नै खेतबारीमा प्रसस्त रूख बिरुवा हुर्किएकोले उनलाई काठपात खोज्न जङ्गलमा जानुपरेको छैन ।

थेचम्बु गाविसकी देवीमाया भण्डारीको पनि अलैंची खेतीले आर्थिक स्तर सुधारिएको छ । धान खेतीबाट जीविकोपार्जन गर्न गाह्रो भएपछि उनका श्रीमान् विदेशिन लागेका थिए । धन कमाउन विदेश जान लागेका श्रीमान्लाई अलैंची खेती गरौं भनेर देवीमायाले नै रोकेकी थिइन् । तर उनी अहिले श्रीमान्लाई विदेश नपठाएकोमा खुसी छिन् । उनी भन्छिन्, 'आफ्नो खेतबारीमा काम गर्दा जिन्दगी चल्छ भने किन जानुपर्‍यो अर्काको देशमा ।' उनले अहिले आफ्नै खेतबारीबाट वार्षिक दुई लाख रुपैयाँ जोहो गर्न थालेकी छिन् ।

वार्षिक २० मन अलैंची उत्पादन गर्दा २ लाख रुपैयाँ कमाइन्छ भने किन विदेशमा गएर आफ्नो पसिना बगाउने ? धमाधम विदेश जाने युवालाई देख्दा उनी अहिले दिक्क मान्छिन् । त्यसै भएर पनि उनी अहिले गाउँघरबाट विदेश जान लागेका युवालाई आफ्नो उदाहरण सुनाउने गर्दछिन् । आफ्नो माटोमा पसिना बगाए धन खोज्न अन्त जानुपर्दैन भन्ने

*धान खेती गर्दा दुई पैसा जोहो गर्न नसकेकी यसोदा अलैंची खेती गरेर वार्षिक एक लाख रुपैयाँ बचाउँछिन् । त्यसो त धान खेती गर्न उनले चट्टै छाडेकी पनि छैनन् । तर, परम्परागत रूपमा लगाएको धान खेतीले भन्दा व्यावसायिक रूपमा लगाएको अलैंची खेतीले उनको आर्थिक अवस्थामा परिवर्तन ल्याइदिएको छ । धान खेतीमा आश्रित रहँदा परिवारको घरखर्च धान्न सकेकी थिइनन् ।*

देवीमायाको भनाइ सो गाउँमा अहिले लागू हुन थालेको छ । अलैंचीको बढ्दो माग र मोटो रकम देखेपछि धान खेती मासेर अलैंची खेती गर्न सुरु गरेकी देवीमाया अहिले प्रतिमन झन्डै १० हजार रुपैयाँको दरले अलैंची बेच्ने गर्छिन् । उनले अलैंचीबाट पैसा कमाउन थालेको धेरै भएको छैन । चार वर्षदेखि यो खेतीमा लागेकी देवीमाया सुरुका दिनमा १० मन अलैंची उत्पादन गर्थिन् ।

ताप्लेजुङमा धान खेती मासेर अलैंची खेती गर्ने देवीमाया र यसोदाजस्ता परिश्रमी महिला धेरै छन् । फाकुम्बा गाविसकी हरिमाया प्रसाईंले थोरै खेतबारीमा अलैंचीका बिरुवा रोपेकी थिइन् । अहिले भएभरको धान खेती मासेर अलैंची खेती गर्न थालेकी छिन् । सुरुका दिनमा धान खेती मास्दा पेट भर्न गाह्रो होला र खान नपाएर मरिएला कि भन्ने चिन्ता लागेको थियो । तर अहिले २० मुरी धान बेच्दा आउने पैसा एक मन अलैंचीले साट्न थालेपछि उनीबाट अहिले खान नपाइएला कि भन्ने चिन्ता आफैं हटेर गएको छ । उनी अहिले अलैंची खेती गर्ने तरिका फेरिएकोमा खुसी छिन् ।

धान खेती मासेर अलैंची व्यवसाय गर्ने किसान ताप्लेजुङको एउटा कुनामा मात्र सीमित छैनन् । जिल्लाको चारै दिशामा अलैंची खेती मौलाएको छ । धान फलाउने खेतहरू अहिले धमाधम अलैंचीको जङ्गलले भरिन थालेका छन् । नेपालकै सबैभन्दा बढी अलैंची उत्पादन हुने जिल्ला ताप्लेजुङ हुन पुगेको छ ।

अलैंची खेती नगर्ने किसान अहिले ताप्लेजुङमा कमै मात्र भेटिन्छन् । आजभन्दा सात वर्षअघि खेत जोत्न, कोदालो मच्चाउन र रोपाइँ गर्न व्यस्त देखिने किसानको जीवनशैलीमा परिवर्तन आएको छ । उनीहरू अलैंचीबारीमै खनीखोस्री गरेर आफ्नो अधिकांश समय बिताउन थालेका छन् ।

त्यसो त अलैंची खेतीका लागि धान खेती गर्दाजस्तो धेरै मेहनत र परिश्रमको आवश्यकता पनि पर्दैन । गोरु नारेर जोत्नु नपर्ने, आकाशको पानी पनि पर्खनु नपर्ने भएका कारण पनि यो खेती उनीहरूका लागि निकै राम्रो मानिएको छ । ओलाङचुङगोला गाविसबाहेक जिल्लाका ४९ गाविसमा अलैंची खेती गरिँदै आएको छ । अलैंची खेती आर्थिक स्रोतको मुख्य आधार बन्न थालेको छ । खोल्साखोल्सी र सामान्य चिसो भएको ठाउँमा अलैंची खेती फस्टाउँछ । यसैकारणले जिल्लाको सबै क्षेत्र अलैंची उत्पादनका लागि योग्य भएको जिल्ला कृषि विकास कार्यालय ताप्लेजुङका प्रमुख राजीवदास राजभण्डारी बताउँछन् ।

राजभण्डारीका अनुसार जिल्लाका सुरुम्खिम, लिम्बुदिन, सिकैचा, तेल्लोक, मेहेले, कालिखोला, आम्बेगुदिन र हाङदेवा गाविसमा सबैभन्दा बढी अलैंची उत्पादन हुने गरेको छ । जिल्ला कृषि विकास कार्यालयको तथ्याङ्कअनुसार उल्लेखित गाविसमा मात्रै एक हजार सात सय ७५ हेक्टर क्षेत्रफल अलैंची बालीले ढाकेको छ ।

जिल्ला कृषि विकास कार्यालय ताप्लेजुङको पछिल्लो तथ्याङ्कअनुसार जिल्लामा अलैंची खेतीले तीन हजार पाँच सय पचास हेक्टर क्षेत्रफल ओगटेको छ । यसबाट ताप्लेजुङमा वर्षेनी एक हजार नौ सय मेट्रिक टनको अलैंची उत्पादन हुँदै आएको छ । तर यस वर्ष जिल्लाको पूर्वी क्षेत्रमा रोगका कारण अलैंचीका बिरुवा मर्ने समस्या भएकाले उत्पादनमा गिरावट आउन सक्ने जिल्ला कृषि विकास कार्यालयका प्राविधिक सहायक प्रकाश काफ्लेले बताए ।

बोटको फेदमा झुप्पा-झुप्पा भएर फल्ने अलैंची टिप्न भने अलि गाह्रो हुने गर्दछ । तर कम मेहनतले धेरै पैसा आउने भएकोले किसान यो खेतीप्रति अति नै आकर्षित भएका छन् । अलैंची कात्तिकदेखि मङ्सिरको पहिलो सातासम्म टिप्ने गरिन्छ । टिपेर भट्टीमा सुकाएपछि मात्र सुख्खा र नबिग्रने भएकोले यसलाई गुणस्तरीय बनाउन कृषकहरू मङ्सिर महिनाभर खट्ने गर्दछन् ।

अलैंची उत्पादनबाट नै ताप्लेजुङले वार्षिक एक करोड रुपैयाँ भित्र्याउने गरेको उद्योग वाणिज्य सङ्घ ताप्लेजुङका अध्यक्ष सन्तोष खतिवडा बताउँछन् ।

*धान खेती मासेर अलैंची व्यवसाय गर्ने किसान ताप्लेजुङको एउटा कुनामा मात्र सीमित छैनन् । जिल्लाको चारै दिशामा अलैंची खेती मौलाएको छ । धान फलाउने खेतहरू अहिले धमाधम अलैंचीको जङ्गलले भरिन थालेका छन् । नेपालकै सबैभन्दा बढी अलैंची उत्पादन हुने जिल्ला ताप्लेजुङ हुन पुगेको छ । अलैंची खेती नगर्ने किसान अहिले ताप्लेजुङमा कमै मात्र भेटिन्छन् ।*

अलैंची उत्पादनबाट जिल्लाको आर्थिक अवस्था मजबुत भएको बताउने खतिवडाका अनुसार ताप्लेजुङमा अलैंचीको बजारभाउ प्रतिमन रु. ६ हजारदेखि रु. १२ हजारसम्म हुने गरेको छ । नेपालमा उत्पादित अलैंची भारतीय बजारमा सबैभन्दा बढी बिक्री हुने गरेको छ । अलैंचीबाट विभिन्न औषधि, खाद्यपदार्थ, रंग, तेल, सौन्दर्य प्रसाधनका लेपन, भिक्स, अत्तर आदि बनाउने गरिन्छ ।

यति धेरै आयआर्जन अलैंचीबाट भए पनि आधुनिक प्रविधि, आवश्यक औषधि र नयाँ बिरुवा नपाएर कृषकहरू पीडित हुनुपरेको जिल्ला कृषक समूहका अध्यक्ष बालकुमार न्यौपाने बताउँछन् । उनले नेपालमै सबैभन्दा बढी अलैंची उत्पादन हुने ताप्लेजुङ जिल्लालाई राज्यले अलैंची क्षेत्र घोषणा गरी कृषकका लागि आवश्यक सेवासुविधा दिनुपर्ने पनि जिकिर गरे । उनका अनुसार परम्परागत शैली र अलैंचीमा देखापर्ने रोगका कारण कृषकहरूले वर्षेनी पीडित हुनुपरेको छ ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# तरकारी बारीमै छ हङकङ, कोरिया

***भूमिहीन हुनुको पीडालाई बिर्सेर मोरङका जाँगरिला किसानहरू पछिल्ला दुई वर्षयतादेखि मासिक रूपमा सरदर १५ हजार रुपैयाँ कमाउँछन् । उनीहरूसँग आफ्नो नाममा एक चपरी माटो पनि छैन । तर पनि तरकारी खेतीमै रमाउन थालेका छन् उनीहरू । मुलुकभर सुकुम्बासी समस्या बढेको छ, बेरोजगारीको समस्या पनि त्यस्तै छ । विदेश जाने युवायुवतीको ताँती लागेको छ, तर मोरङका भूमिहीन किसानहरू भने हातमा कुटोकोदालो बोकेर परिश्रम गर्नमा व्यस्त छन् । परिश्रम गरेअनुसार आय पनि बढिरहेको छ ।***

✍ **तिलकुमारी शर्मा**

**मोरङ**/मोरङको सोराभाग-८ बेतौनाका जाँगरिला प्रेमबहादुर राजवंशीको परिवारका नाममा एकटुक्रा पनि जग्गा छैन । तर तरकारी खेतीबाट मासिक १५ हजारभन्दा बढी आर्जन गर्छन् उनी । आफ्नै खेतबारी भएर पनि सामान्य खेतीपातीबाहेक अरू आयमूलक व्यवसाय नगर्ने किसानलाई भने राजवंशी परिवारले गरेको परिश्रम सुन्दा आश्चर्य लाग्छ ।

आफ्नो नाममा खेतबारी नभएर के भो र ? तरकारी खेतीमा उनीहरू सधैं व्यस्त हुन्छन् । तरकारी खेती गर्नुअगाडि प्रेमबहादुर अर्काको ट्याक्टर चलाउँथे भने उनकी श्रीमती कोकाटीदेवी घरैमा बस्थिन् । तर अहिले उनीहरूको दिनचर्यामा नपत्याउँदो किसिमले परिवर्तन आएको छ । उनीहरू अहिले व्यस्त छन् र व्यस्ततासँगै आर्थिक जीवनस्तर पनि उकासिएको छ ।

तरकारीको बिरुवा गोडिरहेका श्रीमान्को हातमा बाँधेको पहेंलो घडी देखाउँदै कोकाटीदेवी भन्छिन्, 'यो घडी यही बारीमा फलाएको तरकारीको आम्दानीबाट किनेको हो ।' उनीहरूले बेमौसमी तरकारी बेचेको पैसाले एउटा गोरु किनेर घरमा भएको अर्को गोरुसँग हल बाँधेका छन् । अब तरकारी बारी जोत्न अरूको हलगोरु नचाहिने भएको छ । आफूले गरेको परिश्रमले एक छोरा, एक छोरी गरी चारजनाको परिवारलाई मनग्य भएको छ ।

श्रीमान्ले ट्याक्टर चलाएर कमाएको आम्दानीले घरव्यवहार धान्न धौधौ भएपछि कोकाटीदेवी तरकारी खेती समूहमा आबद्ध भइन् । आफ्नो सम्पूर्ण समयलाई तरकारी खेतीमा लगाउन थालिन् । तरकारी खेती लगाएको दुई वर्ष नबित्दै राम्रो आम्दानी भएको छ । उनी अगाडि भन्छिन्, 'छिमेकीसँग बसेर गफ गर्ने समय तरकारी बारीमा लगाउँदा यति धेरै फाइदा होला भनेर सोचेकै थिइनँ ।' यसैको कमाइले गत वर्ष चर्पी बनाएको कोकाटीदेवीले बताइन् । उनीहरूको आगामी दिनको इच्छा भनेको छोराछोरीलाई राम्रो स्कुल पढाउने र जग्गा लिएर आफ्नै घरबार जोड्ने हो ।

भूमिहीन राजवंशी परिवार प्लान नेपालको सहयोगमा विकासका लागि ग्रामीण कल्याण तथा कृषि सुधार समूह (फरवार्ड) नेपाल नामक संस्थाले उपलब्ध गराएको जग्गामा तरकारी खेती गर्छ । भाडामा लिएको जमिन फरवार्ड नेपालले भूमिहीन परिवारलाई तरकारी खेती तथा फलफूल व्यवसाय गर्न उपलब्ध गराउने गरेको छ । सो संस्थाले जग्गासँगै बीउबिजन, कृषि औजारहरू, ढिकीकल, मल, कीटनासक विषादी र खेती गर्ने प्रविधि सिकाउने गरेको छ ।

बेतौनाकै मोतियादेवी राजवंशी अर्की भूमिहीन किसान हुन् । उनी पनि कोकाटीदेवीकै समूहमा आबद्ध भएपछि फरवार्ड नेपालले उपलब्ध गराएको जग्गामा तरकारी खेती गर्छिन् । उनले गएको असोजदेखि मङ्सिरसम्ममा तरकारी बेचेर मात्र करिब ७५ हजार रुपैयाँ आर्जन गरेको बताइन् । डेढ वर्षअघिसम्म मोतियादेवीले भारतको कुवाडीबाट साइकलमा नुनका बोरा ओसार्दै सोराभाग, होक्लाबारी, रञ्जनी पुऱ्याएर बेचेको पैसाले मुस्किलले जीविका चलाउने गरेकी थिइन् ।

कोकाटीदेवी र मोतियादेवीजस्ता भूमिहीन किसान मोरङका ३१ गाविसमा मात्र चार हजार छ सय ४५ जना छन् । उनीहरूले उत्पादन गरेका फलफूल, तरकारी कर्सिया, रङ्गेली, विराटनगर र भारतको कुवाडीसम्म पुगेर बेच्छन् । खेतबारीमै आइपुगेका व्यापारीहरूलाई पनि बेच्ने गर्छन् । फरवार्ड नेपाल, एकाइ कार्यालय कर्सियाद्वारा सञ्चालित तरकारी खेती (ब्लक) कार्यक्रममा आबद्ध भएपछि तरकारी उत्पादक तथा व्यवसायी बन्ने अवसर पाएका हुन् उनीहरूले ।

मोतियादेवी भन्छिन्, 'फरवार्ड भन्ने संस्थाले उपलब्ध गराएको तीन कट्ठा र समूहले किनेको ३३ कट्ठामध्ये आफ्नो भागमा पर्न आउने तीन कट्ठामा कमाइ गर्छु । थप १० कट्ठा जग्गा लिएर सब्जी लगाएकी छु ।' विभिन्न कक्षामा पढ्दै गरेका चार छोराछोरीलाई राम्ररी पढाउने विचार गरेकी राजवंशी भन्छिन्, 'समूहमा मलाई नराखेको भए सायद हामी सबैजना अर्काको घरमा बनिबुतो गर्न वा नोकर बस्न पुग्नुपर्दथ्यो होला ।'

*आफ्नो नाममा खेतबारी नभएर के भो र ? तरकारी खेतीमा उनीहरू सधैं व्यस्त हुन्छन् । तरकारी खेती गर्नुअगाडि प्रेमबहादुर अर्काको ट्याक्टर चलाउँथे भने उनकी श्रीमती कोकाटीदेवी घरैमा बस्थिन् । तर अहिले उनीहरूको दिनचर्यामा नपत्याउँदो किसिमले परिवर्तन आएको छ । उनीहरू अहिले व्यस्त छन्, व्यस्ततासँगै आर्थिक जीवनस्तर पनि उकासिएको छ । श्रीमान्को हातमा बाँधेको पहेंलो घडी देखाउँदै कोकाटीदेवी भन्छिन्, 'यो घडी यही बारीमा फलाएको तरकारीको आम्दानीबाट किनेको हो ।'*

दैनिक सात घन्टाका दरले तरकारीबारीमा समय दिने मोतियादेवी र कोकाटीदेवी आफ्नो बारीबाट आएको नाफाको केही अंश बचत गर्ने गर्छन् । मोतियादेवीको पनि मासिक आम्दानी औसत रु. १५ हजार पुग्छ । उनी भन्छिन्, 'हाम्रो समूहमा १० जना छौं । प्रत्येक महिना रु. ५० र बढी आम्दानी भएको

बेलामा पाँच सयसम्म जम्मा गर्छौं। समूहभित्रका सदस्यहरूले आवश्यकताअनुसार पालैपालो दुई प्रतिशत ब्याजमा ऋण चलाउँछौं। जसले गर्दा ब्याजको ठूलो भार पनि खेप्नुपर्दैन र रकम पनि आफ्नै समूहमा बढ्दै जान्छ।'

उता मोरङ बबियाबिर्ता-४ निवासी रेखा सरदारको ११ जनाको परिवार तरकारी खेतीबाटै पालिएको छ। दुई वर्ष भयो उनले तरकारी खेती गरेको। त्यसको आम्दानीबाट एउटा रिक्सा किनेर भाडामा दिएकी छिन्। तरकारी बारीकै आम्दानीबाट किनेको भैंसी, राँगा, गाई, सुँगुर र बाख्राबाट पनि आम्दानी हुन थालेको छ। एउटा भैंसीको दूध दैनिक तीन लिटर बेच्छिन् सरदार। रिक्सा भाडा र दूध बिक्रीबाट दैनिक ९० रुपैयाँ आम्दानी हुन्छ। सरदारको परिवार ठेक्कामा लिएको एक बिघा जमिनमा तरकारी खेती गर्छ। उनको तरकारीसहितको मासिक आम्दानी लगभग १३ हजार रुपैयाँ हुन्छ। उनी भन्छिन्, 'मेहनत गरे यहीँ छ हङकङ, यहीं छ कोरिया। किन विदेश जानु ?' तरकारी खेती गर्नुअगाडि रेखाका श्रीमान् फतुर सरदार सुँगुरको मासु बेच्ने पेशा गर्थे।

उनीहरूले तरकारीबारी सिँचाइका लागि एउटा पम्पसेट आफैं किनेका छन्। छोराछोरीलाई आवासीय स्कुलमा पढाउन सकेका छन्। रेखा भन्छिन्, 'सबै खर्च कटाउँदा पनि यो वर्षको एक लाख २१ हजार नगद चोखो बच्यो।'

उनी अरूलाई पनि तरकारी खेती गर्न हौसला दिँदै भन्छिन्, 'मेहनत नगरी विदेशमा पनि पैसा फल्दैन। मेहनत गरे यहीँ सुन कमाइन्छ। हेर्नुस् है यस वर्ष म जग्गा किनेरै छाड्छु।' उनले भर्खरै मात्र नागरिकता पाएकीले अब आफ्नै नाममा जमिन किनेर तरकारी खेती गर्ने तरखरमा जुटेको पनि बताइन्।

समूहमा आबद्ध भएपछि आधुनिक किसिमले खेत खन्ने, जोत्ने र माटो बनाउने तरिका, ब्याड राखेर बेर्ना सार्ने, गोड्ने, थाँक्रो गाड्ने, मल लगाउने तरिका थाहा पाएका छन् उनीहरूले। उनीहरूले तरकारी खेती गरेको देखेर छिमेकीहरूले पनि तरकारी खेती गर्न सुरु गरेका छन्। र, छिमेकीहरूलाई प्राविधिक सल्लाह उनीहरूले नै दिने गरेका छन्।

तरकारी र फलफूल व्यवसायबाट किसानहरू प्रत्यक्ष लाभान्वित भएका छन्। कर्सिया एकाइ कार्यालयअन्तर्गत पाँचवटा गाविसमा कृषि आयआर्जन कार्यक्रम सञ्चालन गरिएको छ। जसमा सोराभाग, बबियाबिर्ता, अमाहिबरियाती, दादरबैरिया र कद्माहा रहेका छन्। यी गाविसमा सञ्चालन गरिएका विभिन्न आयआर्जन कार्यक्रममा सात सय ९३ किसान परिवार सहभागी छन्। जसमध्ये १३ वटा ब्लकमा एक सय ६८ भूमिहीन परिवार समेटिएका छन्। जसमध्ये ६५ प्रतिशत दलित समुदायका छन्।

*दैनिक सात घन्टाका दरले तरकारीबारीमा समय दिने मोतियादेवी र कोकाटीदेवी आफ्नो बारीबाट आएको नाफाको केही अंश बचत गर्ने गर्छन्। मोतियादेवीको पनि मासिक आम्दानी औसत रु. १५ हजार पुग्छ। उनी भन्छिन्, 'हाम्रो समूहमा १० जना छौं। प्रत्येक महिना रु. ५० र बढी आम्दानी भएको बेलामा पाँच सयसम्म जम्मा गर्छौं। समूहभित्रका सदस्यहरूले आवश्यकताअनुसार पालैपालो दुई प्रतिशत ब्याजमा ऋण चलाउँछौं।'*

भूमिहीन भए पनि तरकारी खेतीबाट मनग्गे कमाइरहेका मोरङका जाँगरिला किसानका लागि थप आयआर्जन गर्न अरू पेशा अपनाउनुपरेको छैन न त राहदानी बनाएर विदेशतिर जानु नै परेको छ। परिवारको आवश्यकता पूरा गर्न उनीहरूले तरकारी खेती गर्दा कसैले धोका पनि खानुपरेको छैन।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

प्रकाशक
सञ्चारिका समूह/नेपाल
पो.ब.नं. १३२९३
टेलिफोन : ५५३८५४९,
फ्याक्स : ५०००१८१
इ-मेलः sancharika@wlink.com.np
वेभसाइट : **www. sancharika.org**

सम्पादक
**निर्मला शर्मा**
इ-मेलः nirmalaji@mos.com.np
nirmalajee@yahoo.com

सञ्चारिका समूह २०५२ सालमा स्थापना भएको पत्रकार महिलाहरूको संस्था हो । सञ्चार माध्यममा कम प्राथमिकतामा परेका महिला तथा बालबालिका, मानवअधिकार, सुशासन, शिक्षा, द्वन्द्वलगायतका सामाजिक विषयसम्बन्धी फिचर तथा लेखहरूको अभावलाई यस लेखमालाले केही हदसम्म पूर्ति गर्ने अपेक्षा गरेका छौं । यसैगरी हाम्रो लेखमालामार्फत 'फिचर लेखन' मा पत्रकार महिलाहरूको गुणात्मक तथा संख्यात्मक वृद्धि गर्ने हाम्रो उद्देश्यमा तपाईंहरूको पूर्ण सहयोगको अपेक्षा गरेका छौं । यसमा प्रकाशित लेखलाई छाप्दा "साभार : सञ्चारिका लेखमाला/सञ्चारिका समूह" उल्लेख गरिदिनुहुन अनुरोध गर्दछौं । र, प्रकाशित सामाग्रीको एकप्रति समूहमा पठाइदिन पनि अनुरोध गर्दछौं ।

सञ्चारिका समूह